मितिः २०८२/०१/११
समयः बिहान ८:०० बजे

आज मिति २०८२ साल वैशाख महिनाको ११ गते बिहिबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको पैंतिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

**उपस्थितिः**

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिव थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | सोविता |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | गौ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | [signature] |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | [signature] |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | [signature] |
| १९. | कार्यपालिका सदस्य | श्री हरिवहादुर वि.क. | सदस्य | [signature] |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | [signature] |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | उपसचिव, श्री वीर वहादुर खड्का | |
| २. | योजना, अनुगमन शाखा | अधिकृत आठौं, श्री मिनराज कोइराला | |
| ३. | आ.प्र.शाखा प्रमुख | लेखा अधिकृत, अधिकृतस्तर आठौं, श्री रामजी रायमाझी | |
| ४. | स्वास्थ शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री हरी प्रसाद उपाध्याय | |
| ५. | राजस्व शाखा | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ६. | प्राविधक शाखा | अधिकृत स्तर सातौं श्री सुम्नीमा राई | |
| ७. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ८. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ९. | प्रशासन शाखा | प्रा.स. श्री रामबाबु बस्नेत | [signature] |
| १०. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी | [signature] |

Scanned with CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०१/११ गतेको पैंतिसौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.१:- बुद्द एकेडेमी आवासीय मा.वि. को समस्या समाधान सम्बन्धमा ।

बुद्द एकेडेमी आवासीय मा.वि. को समस्या समाधान सम्बन्धमा गोकर्णेश्वर नगर शिक्षा समितको मिति २०८२/०१/०८ को "गोकर्णेश्वर नगरपालिका वडा नं. ६ स्थित बुद्ध एकेडेमी आवाशीय मा.वि. का सम्बन्धमा विगत लामो समय देखि संचालन तथा व्यवस्थापनमा विविध समस्या तथा अवरोध सिर्जना भई विभिन्न नियमक निकाय तथा अड्डा अदालतमा समेत मुद्दा चलिरहेको विद्यमान् अवस्थामा मिति २०८०/१२/०७ गतेको उच्च अदातल पाटनको फैसला मिति २०८१/०४/०९ गतेको कार्यान्वयन गर्ने प्राप्त जानकारीका सन्दर्भमा शैक्षिक वैधानिकता एवं विविध कानुनी जटिलताका कारणले गर्दा विद्यालयको शैक्षिक क्रियाकलाप सुचारु गर्ने विषयलाई सरलिकृत गर्न शैक्षिक एवं कानूनी क्षेत्रका विज्ञहरुको राय परामर्श आवश्यक देखिएकोले देहायमा उल्लेखित विज्ञ सम्मिलित निम्ननुसारको कार्यक्षेत्राधिकार (TOR) रहने गरी ३० कार्यदिनको समय अवधि तोकि कार्यदल गठन गर्न मनासिव भएकोले सो को लागि नगर कार्यपालिकालाई सिफारिस गर्ने" निर्णय अनुमोदन गर्ने ।

<u>कार्यदल देहाय बमोजिम रहनेछः</u>

| | | |
|---|---|---|
| १. | श्री भवानी प्रसाद पौडेल, सदस्य, नगर शिक्षा समिति, | संयोजक |
| २. | श्री नबराज लामा, वडा अध्यक्ष, ६ नं. वडा कार्यालय, गो.न.पा. | सदस्य |
| ३. | अधिबक्ता श्री राधिका लामिछाने | सदस्य |
| ४. | श्री प्रेम बहादुर खड्का, न्यायीक समिति सदस्य | सदस्य |
| ५. | श्री दिपक सिं भण्डारी | सदस्य |
| ६. | श्री प्रविन राई, शिक्षा अधिकृत सातौं | सदस्य सचिव |

<u>कार्य क्षेत्राधिकार (TOR)</u>

१) बुद्ध एकेडेमी आवाशीय मा.वि.को वर्तमान अवस्था ।

२) उक्त विद्यालय संचालन एवं व्यवस्थापनं गर्न अपनाउनु पर्ने कानूनी व्यवस्था ।

३) समस्या निराकरणका लागि गर्नुपर्ने क्रियाकलापहरुको प्राथमिकीकरण ।

४) समय सारिणी सहितको क्रियाकलापको कार्यान्वयन कार्ययोजना।

५) विद्यालयको व्यवस्थापन समिति, विद्यालय संचालनको अवस्था, स्रोत, साधन, चल अचल सम्पत्ति र सो को संरक्षण सम्बन्धमा गर्नु पर्ने काम, कर्तव्य र अधिकार।

६) अन्य प्रासङ्गिक विषयहरु ।

निर्णय नं.२:- नगरपालिकाको आवधिक योजना तर्जुमाको विषयमा विज्ञसँग प्रारम्भिक छलफल सम्बन्धमा ।

नगरपालिकाको आवधिक योजना तर्जुमाको विषयमा विज्ञसँग प्रारम्भिक छलफल गरियो ।



Scanned with CamScanner

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०१/११ गतेको पैंतिसौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.३:- अनुमोदन सम्बन्धमा ।

आ.ब.०८१/०८२ मा यस गोकर्णेश्वर नगरपालिका अन्तर्गत विभिन्न स्थानमा kukl/ww/sn-04 बमोजिम काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालय रकम भुक्तानी सम्बन्धमा मिति २०८२/०२/०४ प.स.०८१/०८२ चन.नं.७१२ को पत्रानुसार नगरपालिका संगको सहकार्यमा संचालनमा रहेका आयोजना (योजना) सम्पन्न कार्यमा १०% नगरपालिकाबाट भुक्तानी गर्ने भनी सम्झौतामा उल्लेख भएको रकम चालू आ.ब.मा बजेट अभाव भै उपलब्ध गराउन कठिन भै भुक्तानी गर्न नसक्ने भएकोले हाललाई त्यहाँ निर्देशनालयबाट सम्पूर्ण भुक्तानी हुने गरी आ.ब.०८२/०८३ मा नगरसभाबाट उक्त १०% रकम विनियोजन गर्ने र आगामी कार्यपालिका बैठकबाट अनुमोदन गर्ने भनी मिति २०८२/०१/०९ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४:- विविध सम्बन्धमा ।

४.१) गोकर्णेश्वर नगरपालिकाले आफ्नो नगरपालिका क्षेत्र भित्र संचालित सबै सामुदायिक तथा सँस्थागत विद्यालयका कक्षा १ देखि कक्षा ८ सम्म अध्ययन गर्ने सबै विद्यार्थीहरुका निम्ति "हाम्रो गोकर्णेश्वर" नामक स्थानीय पाठ्यक्रम लागू गरिएकोमा उक्त स्थानीय पाठ्यक्रमलाई थप प्रभावकारी र गुणस्तरीय ढँङ्गले प्रयोगमा ल्याउनका लागि पाठ्य सामाग्री/पुस्तक छपाई गरी कक्षा १ देखि कक्षा ८ सम्म अध्ययन गर्ने सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुका विद्यार्थीहरुलाई निःशुल्क उपलब्ध गराउन पुस्तक छपाई कार्यलाई आगामी ३ वर्षका लागि वहुवर्षिय ठेक्का प्रकृयामा गई पुस्तक प्रकाशन गरी आगामी १५ औं नगरसभाबाट अनुमोदन गराउने गरी चालू शैक्षिक वर्ष २०८२ देखि वितरण गर्ने निर्णय गरियो।

४.२)यस नगरपालिकामा कार्यरत सव ईन्जिनियर सहायकस्तर पाँचौ तह श्री रचना दाहालले कार्यालयको काममा असर नपर्ने गरी सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह अध्ययन गर्नका लागि अध्ययन स्वीकृति पाउँ भनि यस कार्यालयमा निवेदन दिनुभएकोले कार्यालयको काममा बाधा नपर्ने गरी निजलाई माथि उल्लेखित विषय/तहमा अध्ययन गर्न अध्ययन स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

४.३) आ.ब.०८१/०८२ को नगरस्तरीय पूँजिगत तर्फको क्र.स.१६२ को वडा नं.४ वासुदेव पौडेलको शालिक निर्माण शिर्षकमा विनियोजन भएको रु३,००,०००/- को योजना सँशोधन गरी वासुदे स्मृति पुस्तकालय निर्माणको योजना संचालन गर्ने निर्णय गरियो ।

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०१/११ गतेको पैंतिसौं कार्यपालिका बैठकको निर्णय

४.४) आ.व. ०८१/०८२ को नगर स्तरीय भाषा धर्म सँस्कृति तथा पर्यटन शिर्षकको क.स. ८ को गोकर्ण सँस्कृति (जात्रा /पर्वको लागि) रु.२५,००,०००/- बाट खर्च लेखिने गरी देहाय बमोजिम गोकर्ण जात्रा सँग सम्बन्धित सँस्थाहरुलाई देहाय बमोजिम अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

| क.स. | सँस्था | रकम | कैफियत |
|---|---|---|---|
| १ | जात्रा पर्वका लागि गोकर्णेश्वर युवा जागरण कल्बलाई, गोकर्णेश्वर न.पा. वडा नं.४ | रु.११,००,०००/- | गोकर्ण स्थीत जात्रा पर्व मनाउने सवै समूह समेटिने गरी |
| २ | गोकर्ण जात्रा पर्वमा धिमेनाच प्रदर्शनका लागि देशे नेवा युवा समूहलाई | रु१,००,०००/- | |
| ३ | जात्रा पर्वका लागि गाम्चा युवा क्लव गोकर्णेश्वर ३ लाई | रु.२,००,०००/- | |
| ४ | बुद्द जयन्ती पर्वका लागि छ्योर्तेन टासी तामाङ्ग गुम्बा, गो.न.पा.६ लाई | रु.१,००,०००/- | |

४.५) गोकर्णेश्वर नगरपालिका वडा नं.९ स्थित बौद्द धर्म देशनाको निर्माणाधिन गुम्बाको भर्याङ निर्माण तथा अन्य कार्य गर्नको लागि आ.व.०८१/०८२ को वडा स्तरीय पूर्वाधार विकास कार्यक्रमको क.स.४ को गुम्बा मठ मन्दिर निर्माण तथा व्यवस्थापनमा विनियोजित रु.१०,००,०००/- मध्येबाट रु.५,००,०००/- को कार्य हुने गरी बौद्द धर्म देशना केन्द्र सँग मिति २०८१/०९/०९ मा गरिएको सम्झौता बमोजिमको कार्यहरु सम्पन्न भई सम्झौता बमोजिम भुक्तानीका लागि पेश भएकोमा उक्त शिर्षकमा बजेट सकिएको हुँदा वडा कार्यालयले मिति २०८२/०१/०९ मा उक्त भुक्तानीका लागि वडा नं.९ को वडास्तरीय पूर्वाधार विकास तर्फको क.स.१६ आरुबारी पानीखोल्सा मुल सडक र शिपपुरी शंखडोल मुल सडक रंगरोगन र आर्ट गर्ने शिर्षकबाट गर्ने गरी वडा नं.९ को कार्यालयबाट सिफारिस भई आएकोले सो सिफारस बमोजिमको शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

४.६) आ.ब.०८१/०८२ को १३औं र १४औं नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमबाट स्वीकृत योजना मिति २०८२ साल वैशाख मसान्त भित्र सम्ममा सम्झौता गरिसक्नु पर्ने साथै पूर्व म्याद तोकिएको एवं म्याद थप भएको योजनामा सोही बमोजिम र अन्यको हकमा २०८२ जेष्ठ मसान्त भित्र योजनाको फरफारक गरी नगरपालिकाको कार्यालयमा भुक्तानीका लागि पेश गरिसक्नु पर्नेछ भनी नगरपालिकाका सवै शाखाहरु र वडा कार्यालयहरुलाई परिपत्र गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

४.७) आ.ब.०८१/०८२ को नगरस्तरीय भाषा धर्म संस्कृति तथा पर्यटन अन्तरगत क्र.स.२ को वैदिक कर्मकाण्ड पितृकार्य भाग ३ प्रकाशन शिर्षकमा विनियोजित रु.५,००,०००/- र क्र.स.९को धार्मिक समिति संचालन तथा व्यवस्थापन शिर्षकमा विनियोजित रु.२,००,०००/- लाई संशोधन गरी वैदिक कर्मकाण्ड पितृकार्य भाग ३ प्रकाशन शिर्षकमा रु.७,००,०००/- कायम गरी गोकर्णश्वर नगरपालिका धार्मिक समिति मार्फत कार्य गर्ने निर्णय गरियो ।

४.८) गोकर्णेश्वर नगरपालिका वडा नं.६ स्थित चामुण्डा माध्यामिक विद्यालयमा नयाँ शैक्षिक सत्र २०८२ का लागि बाल विकास कक्षामा ईलेक्ट्रोनिक सामान तथा फर्निचर व्यवस्थाका लागि रु.२,५०,०००/- आ.ब.०८१/०८२ को नगरस्तरीय शिक्षा तर्फको क्र.स.३१ को ई.सि.डि. कक्षा सुधार (१७ वटा सामुदयिक विद्यालय) रु.३४,६३०००/- शिर्षकबाट खर्च लेखिने गरी कार्य गर्ने निर्णय गरियो ।

४.९) आ.ब.०८१/०८२ को नगर स्तरीय युवा तथा खेलकुद तर्फको क्र.स.२ खेलकुद प्रशिक्षक व्यवस्थापनमा विनियोजित रु.१०,००,०००/- लाई सँशोधन गरी देहाय बमोजिम कार्यक्रमहरु गर्ने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रम | वजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | नेपाल होचा पुडका संघ मार्फत सडक नाटक तथा साँस्कृतिक कार्यक्रम | रु.१,००,०००/- | |
| २ | शव्दघर प्रा.लि. मार्फत नगरपालिकाको कृपि, पर्यटन खानेपानी र पूर्वाधार निर्माण सम्बन्धि वृत्त चित्र निर्माण | रु.२,००,०००/- | |
| ३ | सेलो नेटवर्क प्रा.लि.लाई ल्होसार कार्यक्रमका लागि | रु.१,००,०००/- | |
| ४ | विभिन्न खेलकुद कार्यक्रम | रु.६,००,०००/- | |

४.१०) यस कार्यालयमा मिति २०७८ सालमा घ वर्गको ईजाजतका लागि निवेदन गरी सो सम्बन्धी सवै प्रकृया पुरा गरी मिति २०७८/१२/२९मा कार्यालयवाट निर्णय भई मिति २०७८/१२/३० मा राजस्व समेत बुझाएको प्रो. अजित सिहँ विश्वकर्माको चाल्ने विल्डर्स प्रा.लि.,गो.न.पा.८ ले २०७८ सालमा विविध कारण वस ईजाजतको प्रमाण पत्र लिन बाँकी रहेको र हाल प्रमाण पत्र माग गरेको हुँदा निजलाई २०७९,२०८० र२०८१ को निविकरण दस्तुर र जरिवाना सहित प्रति वर्ष रु.५,०००/- ले हुने रु१५,०००/- र विलम्ब वापत नयाँ प्रमाण पत्र लिँदा लाग्ने दस्तुर रु.२५,०००/- सहित जम्मा रु.४०,०००/- दस्तुर लिई ईजाजतको प्रमाण पत्र उपलब्ध गराउने निर्णय गरियो ।



Scanned with CamScanner